# ११ ऋण– दैनिक निर्णय

<u>*यस अध्यायका मूल पदहरू:*</u> भजन ३७:२१, मत्ती ४:३-१०, मत्ती ६:३३, व्यवस्था २८:१२, हितोपदेश १३:११, हितोपदेश २१:५ र २ कोरन्थी ४:१८।

**<u>*यस अध्यायको मूल सार पद:*</u> "७ तिर्नुपर्ने कुरा सबैलाई तिर– कर तिर्नुपर्नेलाई कर, महसूल तिर्नुपर्नेलाई महसूल, आदर गर्नुपर्नेलाई आदर, इज्जत गर्नुपर्नेलाई इज्जत गर।**

**८ आपसमा प्रेम गर्नुबाहेक कसैको केही कुरामा ऋणी नहोओ। किनकि आफ्नो छिमेकीलाई प्रेम गर्नेले व्यवस्था पूरा गरेको हुन्छ।" रोमी १३:७-८।**

कहिलेकाहीँ तपाईंलाई पैसा सापटी दिन राजी हुने मानिस भेट्टाउनुभयो भने तपाईं भाग्यमानी हुनुहुन्छ। हुनसक्छ त्यस व्यक्तिले कुनै स्वार्थी भावनाले प्रेरित भएर तपाईंलाई सापटी नदिएको होला अर्थात् पैसा नभएर तपाईंलाई आपद परेको बेलामा उसले तपाईंलाई पैसा सापटी दिएर सहयोग गर्न चाहेको हुन सक्छ। तर प्रायजसो कोही पनि मानिसले अत्यन्त भलाद्मी वा असल हृदय भएर खुशीसाथ पैसा सापटी दिँदैन। तिनीहरूले तपाईंलाई पैसा सापटी दिन्छन् किनभने तपाईंलाई दिइएको सापतिबाट धेरै पैसा फाइदा भएर आएको चाहन्छन्।

हामी येशूका भक्त भएका कारणले कसैसँग सापटी लिने मामिलामा सकेसम्म टाढा बस्न सक्नुपर्छ। तर कुनै परिस्थितिमा जस्तै घर किन्ने बेलामा होस् वा मोटरसाइकल किन्नेबेलामा होस् वा चर्च बनाउन होस् वा पढ्नमा होस्, हामीहरूले सापति लिन वा किस्ताबन्धीमा चल्न वाध्य हुनसक्छ। तर हामीले बुद्धि पुऱ्याएर यस मामिलामा चल्नुपर्छ। आफ्नो हैशियत पनि हेर्नुपर्छ। त्यसकारण सकेसम्म हामी ऋणमा नडुब्न कोशिश गर्नुपर्छ।

जे भएतापनि पैसाको मामिलामा हामी होशियार हुनुपर्छ। यदि हामीमा हैशियत छैन र हामीसँग नभएको पैसा खर्च गर्नु भनेको परमेश्वरका जनहरू भनेर नै दावी गरेतापनि हामीले त्यस ढोकालाई खुला गरेका हुन्छौं जसले "हामीलाई लोभी वा अरूको सम्पतिमा आँखा लगाउने बानी र संसारिक

थोकहरूप्रति मोहमा फसाउँछ। सांसारिक धनको लोभमा परेर अरूसँग प्रतिस्पर्दा गर्ने मानिसको मूल स्वभाव नै हो। जबसम्म मानिसको दिमागमा ती स्वभावहरूले अड्डा जमाउँछन् तब सम्म मुक्ति र अनुग्रह भनेको बिरानै अर्थात् नौलो नै भइरहेको हुन्छ।"-एलेन जी ह्वाइट, *अर्ली राइटिङ्स्,* पृ. २६७बाट रूपान्तरित।

छ दिन काम गर भनेर परमेश्वरले हामीलाई निर्देशन दिनुभएको छ। त्यस अनुसार विभिन्न मानिसहरूलाई विभिन्न दक्षता, खुबी र सीप दिनुभएको छ। त्यसलाई राम्रो गर्दै जानुपर्छ र आफूले पाएका शिक्षादीक्षा, दक्षता, खुबी र सीप अनुसार आफूलाई अनुशासनमा राखेर काम गरेर पैसा कमाउनुपर्छ। (केही काम छैन भनेर परमेश्वरले दिनुभएको बरदानलाई लुकाएर खिन्न भएर बस्न बाइबलले अनुमति दिँदैन) किनभने सकेसम्म हामी ऋणबाट मुक्त भएर चल्नुपर्छ। यस अध्यायमा ऋणको बारेमा बाइबलले के भन्छ सो हेर्नेछौं।

## १. सापटी लिनु र खर्च गर्नु (व्यवस्था २८:४४,४५)

अगमवक्ताहरू र एलिशा यर्दन नदीको किनारामा रुखहरू काट्दै थिए। तर अचानक बञ्चरोको टाउको बिँडबाट उछिट्टेर पानीमा खस्यो। "ओहो, अब के गर्ने" भनेर अगमवक्ताहरू कराउन थाले। त्यो बञ्चरो अरूबाट सापटी ल्याएको थियो (२ राजा ६:५)। सापटी वा उधारो ल्याउनु भन्ने क्रियापदले कसैको भएको थोकलाई उसको अनुमतिले काम चलाउन ल्याएको हुन्छ। यथार्थमा कसैसँग सापटी लिनु खतरा वा जोखिमपूर्ण काम हो। त्यतिमात्र नभएर अरूबाट ल्याएको सामानलाई हिफाजत गर्न झन होशियार हुनुपर्ने हुन्छ। बञ्चरो सापटी लिनु र पैसा सापटी लिनुमा केही फरक छैन। (एलिशाको मामिलामा बञ्चरोलाई पानीमा अलौकिक ढङ्गले तैरिन दिएर लिन लगाएको थियो)। यदि सापटी ल्याएको पैसालाई दुरुपयोग गरियो भने त्यसको नतिजा गम्भिर हुन सक्छ।

हामी किन पैसा सापट लिन्छौं? त्यसको एउटै कारण छ, त्यो हो खर्च गर्न। पैसा सापट लिंदा त्यसलाई तिर्न सक्छु भनेर नै लिएको हुन्छ। पैसा सापट लिने बेलामा त्यो पैसा फिर्ता गर्न सक्छु भनेर अनुमान गरेर नै लिएको हुन्छ। तर यो जोखिमपूर्ण काम हो किनभने हामीलाई भविष्यको बारेमा थाहा छैन (उपदेशक ८:७) त्यसकारण पैसा सापट लिंदा त्यो तिर्न

नसुकुञ्जेल भारी भएको अनुभव भइरहन्छ (मित्रताको कैंची पनि भन्न सकिन्छ)।

**ऋणमा पर्नु वा भाकल गरेर सापटी लिएर चल्नुको बारेमा देहायका केही पदहरूले के भन्छन्? हेर्नुहोस्:**

**भजन ३७:२१ "दुष्टहरूले ऋण लिन्छन्, र तिर्दैनन्, तर धर्मी जनहरूले उदारतापूर्वक दिन्छन्।"**

**उपदेशक ५:५,६ "५ भाकल गरेर पनि पूरा नगर्नुभन्दा त भाकल नगरेको अझ असल हो। ६ तिम्रो आफ्नो बोलीले तिमीलाई पाप गर्न नलाओस्। अनि मन्दिरको समाचारवाहकलाई "मेरो भाकल त भूल भएको थियो," भनी प्रतिवाद नगर। तिमीले बोलेका कुरासँग परमेश्वर रिसाएर तिम्रो हातको कामलाई नाश गर्ने, किन?"**

**व्यवस्था २८:४४,४५ "४४ त्यसले तिमीहरूलाई ऋण दिनेछ, तर तिमीहरूले त्यसलाई ऋण दिनेछैनौ। त्योचाहिँ शिर हुनेछ, तर तिमीहरूचाहिँ पुच्छर हुनेछौ। ४५ परमप्रभु आफ्ना परमेश्वरले तिमीहरूलाई दिनुभएका आज्ञा र विधिहरू मानेर उहाँको वचन पालन नगरेका हुनाले तिमीहरू नष्ट नभएसम्म यी सराप तिमीहरूमाथि आइपर्नेछन्। यी सबै श्राप तिमीहरूलाई सताएर उछिन्नेछन्।"**

बुद्धि पुऱ्याएर खर्च गर्न भनेर प्रायजसो हामी पैसा सापट लिन्छौं। तर हातमा पैसा पर्ने बित्तिक्कै त्यसलाई जथाभावी खर्च गर्ने बानी हुनसक्छ र त्यसले धेरै ठूलो समस्याहरू ल्याउन सक्दछ। पैसा सापटी ल्याउँदा हामीहरूको औकात भन्दा बाहिर गएर खर्च गर्ने प्रवृत्ति बसाल्न सक्छ। किनबेचको संस्कारको मुटु भनेकै मानिसहरूलाई सापट लिन उक्साएर खर्च गराउनु हो। त्यसले धनी र गरिब सबैलाई असर पार्दछ। जब सापट लिने मोहमा हामी पर्दछौं तब हामीलाई चाहिने थोक पुऱ्याउनु हुने परमेश्वरसँग प्रार्थना गर्नुपर्छ (१ कोरन्थी १०:१३), किनभने सापट लिनु पनि श्राप हुन सक्छ (व्यवस्था २८:४३-४५)।

त्यसकारण पैसा सापट लिएर चल्ने खराब बानी नबसाल्नुहोस्। यदि तपाईंले सापट लिइसक्नुभएको छ भने सकेसम्म छिट्टै फिर्ता गर्नुहोस्। हामीसँग जे छ त्यसलाई बुद्धि पुऱ्याएर चलाउनुपर्छ। परमेश्वरको पैसालाई हामीले सम्हाल्न सक्ने हुनुपर्छ तर संसारको पैसाले हामीलाई सम्हाल्न दिनु हुँदैन।

फेरि कुनै कुनै परिस्थितिमा हामीले पैसा वा अरू थोकहरू सापट लिनु वाध्यता पनि हुनसक्छ। तर त्यसमा होशियार हुनुपर्छ। हामी जे लिन्छौं त्यो सकेसम्म चाँडो फिर्ता दिन्छु भन्ने नियतले लिनुपर्छ। **जो मानिस ऋणमा पर्छ वा अरूबाट सापट ल्याएर जीवन गुजार्न चाहन्छ त्यसको आत्मिक जीवन पनि कसरी खतरा हुनसक्छ?**

## २. सञ्चिता वा हिफाजत गर्ने बानी र आफूले चाहेको कुरालाई तुरन्तै पूरा गर्न खोज्नु (१ कोरन्थी१०:१३)

"अनि एसावलाई याकुबले रोटी र दाल दिए। उनले त्यसलाई खाए र उठेर आफ्नो बाटो लागे। यसरी एसावले आफ्नो जन्मसिद्ध अधिकारलाई त्यागे" (उत्पत्ति २५:३४ रूपान्तरित)। आफ्नो इच्छा अनुसार घरबाट बाहिर घुमीघुमी खाने जुम्ल्याहा दाजु एसावको बानी थियो। उसले जे मनपरायो त्यही गर्ने उसको स्वभाव थियो। जब उनी घुम्दै आफ्नो भाइ याकूबकहाँ आइपुग्यो तब उसले उसले पकाइरहेको सुप वा दालको मिठो बास्ना सुङ्घ्यो। त्यो सुङ्घ्ने बित्तिक्कै उसलाई भोक लाग्यो र त्यो खान उसले  तुरन्तै माग्यो। खासमा एसाव त्यस्तो भोकले मर्न लागिरहेको त थिएन। चलाक याकूबले यदि उसले पकाएको खाना चाहे एसाबले जन्मसिद्ध अधिकार वा बाबुले दिएको जेठो छोरोको अधिकार दिनुपर्छ भनेर जिद्दी गरे। भावना र स्वादले मातिंदा एसाबले केही पनि सोच्न सकेन र भाइको मोलतोलको करले उसले हुन्छ भनेर बाचा गऱ्यो। मनले मागेको भन्दै तुरन्तै आफ्नो आत्मालाई संतुष्ट पार्ने एसाबले आफ्नो भाइलाई उसको अधिकार बेच्यो। तर पछि पश्चाताप गरेर त्यो अधिकार रोइकराइ माग्यो तर उसले पाएन (हिब्रू १२:१७)।

एसाबको चरित्रको ठीक बिपरित हामीले येशूको उदाहरणमा पाउँछौं। चालिस दिनको उपवास र झण्डै मर्ला जस्तो भएको बेलामा उहाँलाई फसाउन शैतान आयो  र तिन पल्ट प्रलोभन अर्थात् परीक्षा गऱ्यो (मत्ती ४:३-१०)। तर त्यस प्रलोभनको नियत के थियो सो येशूले थाहा पाउनुभयो र आफ्नो ज्यानको बाजी लगाएर तुरन्तै संतुष्टि लिनको लागि उहाँ शैतानको छलमा पर्नुभएन (मत्ती ४:३-१०)। उहाँ आफ्नो पूरा जीवनभरि पापको मोजमज्जा र शारीरिक अभिलाषामा पर्नुभएन। उहाँको त्यो सतले गर्दा हामी पनि पापमाथि बिजय पाएर जिउन सक्छौं भनेर उहाँले देखाउनुभएको थियो। उहाँले उहाँको जन्मसिद्ध अधिकारलाई कुनै कुराद्वारा साट्नुभएन। मानिसलाई मुक्तिदिने

कुरामा उहाँले हल्का रूपमा लिनुभएन। उहाँले सबै मानव प्राणीलाई उहाँमा भएको परमेश्वरको सन्तान हुने हकमा सहभागी हुन उहाँले आह्वान गर्नुहुन्छ (रोमी ८:१७, तितस ३:७)। जब हामी प्रलोभन वा परीक्षामा पर्दा येशूले जस्तो त्यसमा नफस्न अडिग हुनुभएको जस्तै हामी पनि अडिग भयौं भने त्यो हक हामीले राखिछोड्छौं (१ कोरन्थी १०:१३)।

संसारको मोजमज्जामा फस्ने आँखाको लालसा, शरीको कुइच्छा र जीवनको घमण्डमा फस्नु भनेको संसारको अगाडि उत्तम हुनसक्छ जुन स्वर्गको जीवनमा अनुभव गर्न सक्दैन। आफ्नो लागि मात्र जिउनु भनेको परमेश्वरको चाहनाबिपरित जिउनु हो।

**हामी इसाई भनौंला, चर्चमा नियमित रूपमा जाऔंला, अरूको अगाडि भलादमी क्रिश्चियन विश्वासी भनेर देखाऔंला तर शारीरिक अभिलाषामा फसेर तुरन्तै त्यसलाई संतुष्ट पार्न खोज्दा कस्तो जोखिम अर्थात् खतरामा हामी पर्न सक्छौं भनेर देहायका पदहरूले कसरी देखाउँछन्? हेर्नुहोस्: २ शमूएल ११:२-४ " २ एक दिन बेलुकीपख दाऊद सुतेर उठे र महलको कौसीमा गए। त्यहाँ डुल्दैगर्दा तिनले एउटी स्त्रीलाई नुहाइरहेकी देखे। तिनी अति सुन्दरी थिइन्। ३ तिनी को हुन् भनी बुझ्न दाऊद राजाले एउटा मानिस पठाए र तिनी एलीआमकी छोरी र हित्ती उरियाहकी स्वास्नी बतशेबा हुन् भनी पत्ता लाए। ४ दाऊदले बतशेबालाई ल्याउन मानिसहरू पठाए र तिनीहरूले तिनलाई महलमा ल्याए र राजा तिनीसित सुते। (भर्खरै मात्र तिनको महिनावारीको शुद्धि भएको थियो।) त्यसपछि तिनी घर गइन्। ५ पछिबाट तिनले आफू गर्भवती भएकी थाहा पाइन् र त्यो खबर दाऊदकहाँ पठाइन्।", उत्पत्ति ३:६ "त्यो रूख हेर्नमा कति सुन्दर अनि त्यसका फल खानलाई कति रहरलाग्दा थिए, त्यो स्त्रीले देखिन्। ज्ञानी हुन पाए कति असल हुनेथियो, उनले सोचिन्। उनले केही फल टिपेर खाइन्, केही आफ्ना लोग्नेलाई दिइन् र उनले पनि त्यो खाए। ७ त्यो खाने बित्तिकै तिनीहरूले समझशक्ति पाए र आफू नाङ्गै रहेछौं भनी चाल पाए। यसकारण तिनीहरूले नेभाराको पात गाँसेर त्यसले आफ्ना शरीर ढाके।", फिलिप्पी ३:१९ " तिनीहरूको अन्त पनि नरकमै हुनेछ किनभने पेट नै तिनीहरूको देवता हो। लाज मान्नुपर्ने कुराहरूमा नै तिनीहरू झन् घमण्ड गर्दछन्। तिनीहरूको मन पनि यिनै संसारका कुराहरूमा मात्र लाग्दछ।", १ यूहन्ना २:१६,१७ " १६ संसारमा भएका कुराहरू आँखाको लालच, शरीरको कुइच्छा र जीवनको घमण्ड यी कुराहरू परमेश्वर पिताबाट आएका होइनन्।**

**यी त संसारकै कुराहरू हुन्। १७ संसार र संसारका कुइच्छाहरू नाश भएर जान्छन्, तर परमेश्वरको इच्छामा लागिरहने मान्छेचाहिँ सधैंभरि रहिरहन्छ।" र रोमी ८:८ " शारीरिक स्वभावको अधीनमा रहनेले परमेश्वरलाई खुसी पार्न सक्दैन।"**

आँखाले देख्यो वा शरीरले माग्यो भन्दैमा तुरन्तै इच्छा पूरा गर्न खोज्ने मानिसले उसको दिमाग ठेगानामा नरहेको बताउँछ। यो धैर्यताको शत्रु हो र यसले पछिको भविष्यलाई बिगारी दिन्छ, जीवनको उत्तरदायित्व वा पारदर्शितालाई नोक्सान गर्छ र त्यसको उपहास गर्छ। आँखा वा शरीरले चाहेको कुरालाई तुरन्तै पूरा गर्न नखोज्नु वा ढिलो गर्नु भनेको चाहनालाई सिध्याउने नीति हो। प्रलोभनमा फस्न संसारले माग गर्दछ। संसारको चालामालाले बुद्धि नपुऱ्याएर पैसा उधारो लिने संस्कार बसाल्दछ। तुरन्तै इनाम पाउने, छिटो पैसा कमाउने चाहना र छिटो धनी हुने आशाको लोभमा फस्ने चलनलाई संसारले घचघचाइरहेको हुन्छ। जब हामी आफ्नो इच्छालाई संतुष्ट पार्न तुरन्तै सफल हुन्छौं तब त्यस मामिलाम झन झन फस्दछौं। पछिको भविष्य नहेरि अहिलेको फाइदामात्र हेर्ने बानी खतरापूर्ण छ। परमेश्वरमाथिको विश्वासमा उत्तरदायी भएर उहाँले दिनुभएको बरदानहरूलाई सञ्चिता गर्ने उहाँका भक्तहरू त्यस प्रलोभनमा कहिल्यै पनि फस्न खोज्नु हुन्न।

## ३. आफ्नो औकात वा हैशियत अनुसार जीविका चलाउनु (हितोपदेश २१:२०)

**"बुद्धिमान् मानिसको घरमा उत्तम भोजन र तेल जम्मा गरिराखेको हुन्छ, तर मूर्ख मानिसले आफूसँग भएको सबै उड़ाउँछ।" (हितोपदेश २१:२०)।** आर्थिक उत्तरदायित्वलाई सम्हालेर सञ्चिता गर्नु र जथाभावी मोजमज्जा गरेर धनसम्पत्ति उडाएर अव्यवस्थित ढङ्गले जीवन निर्वाह गर्नु भनेको के हो भनेर माथिको पदले देखाउँछ। मूर्ख मानिसहरू आफ्नो औकात अनुसार चल्न योजना बनाउँदैनन्। तिनीहरूले पाएका धनसम्पत्ति तिनीहरूकै हो र जे गर्न मनलाग्यो त्यही गर्ने र नभएमा उधारो ल्याएर भएपनि चलाउनु पर्छ आखिरमा जिन्दगी के हो भन्ने मनस्थितिले तिनीहरू चलेका हुन्छन्। तिनीहरूको जीवन अस्वस्थकर खाना खाएको जस्तै हुन्छ। घर जग्गा आदि किन्न पैसा उधारो लिएर चलाएतापनि कसरी र कहिले तिर्ने भन्ने आफ्नो औकात अनुसार निधो गरेरमात्र चल्नुपर्छ।

धनी मानिस आफ्नो धनसम्पत्ति अनुसार चल्दछन्। तर तिनीहरूले गरिरहने चिन्तालाई हामीले थाहा पाउनुपर्छ। धनसम्पत्ति कमाउने र त्यसलाई कसरी सम्हाल्ने भनेर तिनीहरूले चिन्ता गरिरहेको हुन्छ। जब मानिसमा थोरै पैसा हुन्छ वा महिनाको तलब अनुसार जिउँछ तब कसरी खर्च पुऱ्याउने भनेर चिन्ता गरेको हुन्छ। तिनीहरूमा धनसम्पत्ति नभएको कारणले त्यसको निम्ति सुर्ता गर्दैनन्। हामीमा जतिसुकै धेरै वा थोरै भएतापनि हामीहरू हामीहरूको औकात अनुसार जिउनुपर्छ भनेर बाइबलले सल्लाह दिन्छ। अत्यन्त सरल जीवन बिताउने मामिलामा पावलले भन्दछन्, "यदि हामीसँग खाना छ र लुगा छ (बस्ने ठाउँ छ) भने त्यसमा हामी संतुष्ट हुनुपर्छ" (१ तिमोथी ६:८)। ख्रीष्टमा जिउँदा नै पुग्ने उनको लक्ष्य भएकोले सांसारिक धनसम्पत्ति थुपार्ने पावलको निम्ति चाहना थिएन (फिलिप्पी १:२१)।

**सबै भन्दा महत्त्वपूर्ण कुन् नीतिलाई हामीले सम्झनुपर्छ र त्यस अनुसार हामी चलेका छौं कि छैनौं भनेर कसरी निश्चय हुने? हेर्नुहोस् मत्ती ६:३३ "तर पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर, र यी सबै थोक तिमीहरूका निम्ति थपिनेछन्।" (तर यो पनि याद गर्नुहोस्, उहाँको धार्मिकतामा नीति छ त्यो दश आज्ञा जसको एक भाग, छ दिन काम गर भनेर निर्देशन दिइएको छ-अनुवादकको टिप्पणी)।**

हामीसँग जे छ त्यो हामीहरूको लागि स्रोत हो केवल पैसामात्र हो भनेर सोच्नुहुन्न। हामीसँग जे छ त्यसलाई सम्हाल्ने उत्तरदायित्व हामीमा हुनुपर्छ। बजेट वा आयव्ययको हिसाब राखेर हामीहरू चल्नु बुद्धिमानी हुन्छ। बजेट वा आयव्ययको हिसाब राख्ने बानी सिकिने सिप हो। त्यसलाई हामीले राम्रोसँग सोचेर चलाउनुपर्छ। सन्तुलित तथा सफल आर्थिक योजना अनुसार चल्न अनुशासन र प्रयास हुनुपर्छ (हितोपदेश १४:१५ "बेवकूफ मानिसले जुनसुकै कुरा पत्याउँछ, तर समझदार मानिसले आफ्ना पाइलाहरू सतर्कसाथ चाल्छ।")। यदि हामीसँग भएको पैसालाई राम्रोसँग सञ्चिता गरेर चल्न समर्पित भयौं भने कतिपय समयमा पैसाले गर्दा लाजमर्दो स्थिति आउनबाट रोकिन सक्छ।

यदि पैसाको मामिलामा तपाईंलाई समस्या भइरहेको छ भने पैसा कहाँबाट आउँछ, कहाँ जान्छ, कहाँ खर्च गर्नु पर्छ सो को हिसाबकिताब राख्ने चलन सुरू गर्नुहोस्। हिसाबकिताब राख्ने यो चलन त्यस्तो गाऱ्हो हुनु आवश्यक छैन। केही महिनाभरि भएको खर्चलाई जम्मा गर्नुहोस् र महिनमा

कति खर्च भयो सो हिसाब निकाल्नुहोस्। तपाईंको हैशियत वा औकात अनुसार जीविका चलाउनु तपाईंको मूख्य चासो हुनुपर्छ। जे भएतापनि सकेसम्म कसैसँग उधारो नलिने तपाईंको प्रतिवद्धता हुनुपर्छ।

**येशूले एउटा अर्तीकथामा एक जना मानिसले ठूलो घर बनाउन सुर गरेको र पैसा बीचैमा सिधिँदा उसलाई के हुन्छ सो उहाँले भन्नु भएको थियो। त्यसमा हामीलाई सञ्चिता वा कुनै काम गर्दा पहिला पैसाको हिसाबकिताब हुनुपर्छ भन्ने पाठलाई कसरी बुझाउन खोजिएको छ? हेर्नुहोस् लूका १४:२५-३० "२५ मानिसहरूको ठूलो भीड उहाँको साथ जाँदैथियो, र उहाँले फर्केर तिनीहरूलाई भन्नुभयो, २६ "यदि कोही मकहाँ आउँछ, र आफ्ना बुबा, आमा, पत्नी, छोरा-छोरीहरू र दाजुभाइ, दिदी-बहिनीहरूलाई र आफ्नै प्राणलाई समेत तुच्छ ठान्दैन भने, त्यो मेरो चेला हुन सक्दैन। २७ जुन व्यक्ति आफ्नो क्रूस बोकेर मेरो पछि लाग्दैन, त्यो मेरो चेला हुन सक्दैन। २८ "तिमीहरूमध्ये कसैले एउटा धरहरा बनाउने इच्छा गर्छ भने, त्यो धरहरा बनाई सिद्धयाउने खर्च आफूसित छ कि छैन भनी के त्यसले पहिले नै बसेर हिसाब लाउँदैन र? २९ नत्र भने त्यसले जग बसालेपछि सिद्धयाउन सकेन भने, देख्नेहरू सबैले यसो भनेर त्यसको गिल्ला गर्न लाग्नेछन्, ३० "यस मानिसले बनाउन त थाल्यो तर सिद्ध्याउन सकेन।"**

## ४. उधारोलाई नाईं भन्ने प्रतिवद्धता (हितोपदेश २२:७)

**ऋणमा पर्दा के हुन्छ भनेर व्यवस्था २८:१२मा भनिएको छ। त्यसबाट कुन् नीति हामीले अपनाउनुपर्छ? हेर्नुहोस्, "परमप्रभुले आकाश, आफ्नो प्रशस्तताको भण्डार उघारेर तिमीहरूको भूमिमा ठीक ऋतुमा झरी पठाउनुहुनेछ, र तिमीहरूका हातका सबै मेहनतमा आशिष् दिनुहुनेछ। तिमीहरूले धेरै जातिलाई ऋण दिनेछौ, तर कसैबाट ऋण लिनेछैनौ।"**

हामीहरूको भित्रि मनले पनि कसैसँग उधारो लिएर नचलौं भनेर भन्दछ। अरूको उधारोमा जमानी नबस्न भनेर पनि बाइबलले बताउँदछ (हितोपदेश १७:१८, २२:२६)। उधारोको जीवनले हामीहरूको भविष्यलाई अन्धकारमा राख्दछ र हामीहरूको आर्थिक अबस्था कमजोर भएतापनि उधारो लिनेसँग हामी दबिएर बस्नुपर्छ। इसाईहरू पनि ऋण लिएर वा किस्ताबन्दीमा जीवन बिताउन सजिलो भएको पाइएको छ। आकर्षित तथा छिटो धन कमाउने अनेकौं योजनाहरूलाई नाईं भन्न इसाईहरूलाई पनि गाऱ्हो भएको

पाइन्छ। उधारोमा जीवन चलाउनु वा ऋणमा चल्नु आफै पनि अनैतिक नहुन सक्छ, तर त्यसले हामीहरूको आत्मिक जीवनलाई कमजोर बनाउँछ।

"पैसाको मामिलामा कडा नीति अपनाउनुपर्छ भत्र भने ठूलो ऋणमा डुविन्छ। तपाईंको औकात अनुसार जिउनुपर्छ। कुष्ट रोग जस्तै ऋण वा उधारो लिएर चल्ने काम रोक्नुपर्छ।"-एलेन जी ह्वाइट, काउन्सिल अन स्टुवार्डशिप, पृ. २७२बाट रूपान्तरित।

**ऋण** लिंदा मानिस आर्थिक रूपमा बन्धनमा पर्न सक्छ र सापटी दिनेको दास हुन सक्छ (हितोपदेश २२:७)। किस्ताबन्दी वा ऋण लिएर चल्नु हामीहरूको आर्थिक संसारको संस्कार नै भएकोले त्यो मनासिब नै देखिएको पाइएको छ। सारा राष्ट्र नै ऋणमा चलेको हुन्छ। त्यसले गर्दा ऋणमा जीवन चलाउनु के नराम्रो छ र भनेर मानिसहरूले आफ्नो बिवेकलाई चित्त बुझाउन खोज्छ। तर हामीमा भएको त्यो गलत मनस्थिति हो।

"पोरिज र पाउरोटी (गुन्द्रुक र ढिंढो) खानु परेतापनि आफ्नो ऋण तिरेर कसैको बन्धनमा नपरि परमेश्वरको आशिषलेमात्र भरपूर भएर जिऔं भनेर उहाँसँग गम्भीर बाचा बाँध्नुहोस्। आफूसँग भएको रूपैयाँ भन्दा बढि खर्च गरेर खानेकुराहरू किन्नु सजिलो छ। तर एक एक पैसाको हिसाब गरेर चलाउनुहोस्। रूपैयाँ आफ्नै ठेगानामा रहन्छ। एक रूपैयाँ यहाँ एक रूपैयाँ त्यहाँ अनावश्यक खर्च गर्न पुग्दा धेरै रूपैयाँहरू खर्च गर्न पुगेको हुन्छ। तपाईं ऋणमा डुब्नुभएको छ भने कतिकुराहरूमा त्यागेर चल्नुहोस्। यतिउति नढल्मिनुहोस्। निराश नहुनुहोस्। तपाईंको एक एक पैसा जम्मा गर्नुहशोस् र तपाईंको ऋण तिर्नुहोस्। सकेसम्म छिटो ऋण वा उधारो तिर्नुहोस्। जब तपाईं स्वतन्त्र भएर कसैलाई केही तिर्नुनपर्ने गरेर जिउनुहुन्छ भने तपाईंले ठूलो बिजय पाइसकेको हुन्छ।"-एलेन जी ह्वाइट, काउन्सिल अन स्टुवार्डशिप, पृ. २५७बाट रूपान्तरित।

ऋण लिएर वा अरूसँग सरसापटी गरेर चल्नु भनेको इसाई जीवनको निम्ति कमजोर जगमा उभिनु हो। यसले हामीहरूको आत्मिक अनुभवलाई नोक्सान पुऱ्याउँछ र परमेश्वरको काममा सहयोग गर्ने चाहनालाई प्रभाव पार्दछ। अरूलाई ढुक्क दिनुबाट हामीलाई बन्चित गराउँछ। त्यो मात्र नभएर परमेश्वरको आशिष पाउने अबसरबाट हामीलाई बन्चित गराउँदछ।

अहिले नै **अनावश्यक रूपमा उधारोमा नचल्न निर्णय गर्न तपाईं कसरी बचनबद्ध हुने? ऋणमा नचल्ने के के कारणहरू तपाईंले ठम्याउनुभएको छ? उधारोमा नचल्न वा ऋणबाट मुक्त भएर चल्न तपाईं कस्तो कस्तो कुराहरूलाई त्यागेर बस्नुपर्छ भनेर निधो गर्नुभएको छ?**

## ५. बचत र लगानी (हितोपदेश १३:११)

जाडो महिनाको लागि खाना जम्मा गर्न कमिलाहरू परिश्रम गर्दछन् (हितोपदेश ६:६-८)। विशेष कामको निम्ति नियमित रूपमा पैसा जम्मा गर्ने मामिलामा कमिलाहरूबाट पाठ सिक्नु हाम्रो निम्ति बुद्धिमानी कुरो हो। बचतको अर्थ हाम्रो जीविकाको लागि चाहिने बेलामा खर्च गर्न आर्थिक स्रोत बचत गराउँछौं तर त्यसको मतलब जथाभावी खर्च गर्न पैसा लुकाएर राख्नु भनेको होइन। पैसालाई व्यवस्थित ढङ्गले चलाउन बुद्धि, हिसाबकिताब राख्ने बानी र अनुशासनको आवश्यकता पर्छ। तर अरू केही नगरि केवल पैसामात्र थुपार्ने होडवाजीमा हामी लाग्छौं भने हामीले परमेश्वरको नीजि सम्पत्तिलाई लुटिरहेका हुन्छौं। त्यसलाई सही सञ्चिता गरेको भनिन्दैन।

"बेकारमा पैसा खर्च गर्दा त्यसको बेफाइदा दोबर हुन्छ। पैसा खर्च मात्र हुँदैन तर आम्दानी गर्ने क्षमता पनि कमजोर भएर जान्छ। यदि हामीले पैसा बचाउने बानी बसाल्न सक्यौं भने यस संसारमा पैसा थपिन्दै जान्छ र उदारचित्तले दिने क्षमता भएमा स्वर्गमा धन थुप्रिन्छ।...पैसा बचत गर्ने एक किसिमको अनुशासन हो जसले गर्दा हामीले पैसामाथि आधिपात्य जमाउन सक्छौं। हामीहरूको मनले जहाँ पायो त्यहीं खर्च गर्ने बानीलाई सम्हालेर कहाँ खर्च गर्नुपर्ने हो त्यसमा हामीले नियन्त्रण गर्न सिक्नुपर्छ।"-राण्डी सी. आलकर्न, *मनी, पोजेशन एण्ड इटरनिटी* (क्यारोल स्ट्रिमः इलिन्वाइज, टिन्डेल हाउस पब्लिशिङ्ग, २००३), पृ. ३२८बाट रूपान्तरित।

**पैसाको मामिलामा व्यवहारिक रूपमा कसरी सम्हालेर चल्ने भनेर देहायका पदहरूले हामीलाई कसरी सिकाउन सक्दछ? हेर्नुहोस्, हितोपदेश १३:११ "बेईमानीसँग कमाइएको धन घट्‌दैजान्छ, तर अलि-अलि गर्दै जम्मा गरेको धन बढ्‌दैजान्छ।", हितोपदेश २१:५,६ "५ लगनशीलको योजनाहरूले लाभ गराउनेतर्फ उन्मुख गराउँछ, त्यसरी नै हतार गर्नाले दरिद्रतामा पुगिन्छ। ६ झूटो जिब्रोले आफ्नो भाग्य सुधार्नचाहिँ उड़िजाने कुइरो र घातक पासो हो।"**

**र हितोपदेश १३:१८ "ताड़नालाई (अनुशासन) अवहेलना गर्नेमाथि दरिद्रता र लाज आइपर्छ। तर सुधार गर्दा ध्यान दिने व्यक्ति सम्मानित हुन्छ।"**

पैसा तथा परमेश्वरको सम्पत्तिलाई कदर गर्ने मानिसले आफ्नो परिवारको आवश्यकताको निम्ति बचाउँदछ र स्वर्गमा लगानी गर्दछ। तपाईंसँग कति पैसा वा सम्पत्ति छ त्यसको सरोकार होइन तर तपाईंको आर्थिक अवस्था जुनसुकै भएतापनि बाइबलले कोरेको योजना अनुसार पैसा सम्हाल्ने हुनु पर्छ। आफ्नो परिवारको निम्ति बचत गर्नु बुद्धि पुऱ्याएर गर्नुपर्छ। पैसाको अबमूल्यन वा भ्यालुलाई कम हुन नदिन कहिलेकाहीं नोक्सान पनि सहन राजी हुनुपर्छ (उपदेशक ११:१,२ १ आफ्नो अन्न पानीमा फालिदेऊ, र धेरै दिनपछि तिमीले त्यो फेरि पाउनेछौ। २ तिमीले सात, आठ जनालाई भाग बाँड़िदेऊ, किनभने तिमी जान्दैनौ कस्तो विपत्ति देशमा आइपर्नेछ)। आफ्नो चाहनालाई मात्र पूरा गर्नु खोज्नुभन्दा पहिले भएको धनलाई कसरी सम्हाल्ने भन्ने सोच्नुपर्छ (हितोपदेश २४:२७ "बाहिरको काम पूरा गर, र आफ्नो खेतबारी तयार पार, अनि त्यसपछि आफ्नो घर बनाऊ") र जान्ने मानिसहरूबाट उचित सरसल्लाह लिन खोज्नुपर्छ (हितोपदेश १५:२२ "परामर्शको कमीले गर्दा योजनाहरू विफल हुन्छन्, तर धेरै परामर्शदाताहरूको कारण तिनीहरू सफल हुन्छन्")। उपर्युक्त दुई कुराहरू पालन गर्नु नै आर्थित सफलताको नमूना हो। जब हामीहरूको आवश्यकता पूरा हुन्छ र धन थुप्रिन्छ तब हामीले प्रभु हामीहरूको परमेश्वर भनेर सम्झनुपर्छ किनभने उहाँले नै हामीहरूलाई धन कमाउने खुबी दिनुहुन्छ (व्यवस्था ८:१८)।

परमेश्वरको राज्यमा लगानी गर्नु नै परमेश्वरको **सञ्चिता** गर्नेको सुरक्षित लगानी हो (मत्ती १३:४४)। त्यहाँ कुनै आर्थिक गिरावाट हुँदैन, घोटाला हुँदैन, केही नोक्सानी हुँदैन, चोरले चोर्दैन न त लगानी डुब्छ। त्यसको अर्थ पैसा कहिल्यै खाली नहुने पैसाको थैली बोक्नु जस्तो हो (लूका १२:३३)। जब हामी येशूलाई ग्रहण गर्छौं त्यसले स्वर्गको बैंकको खाता खोलेका हुन्छौं र दशांश र उदारचित्तले दिएका भेटीहरू त्यस खातामा जम्मा हुन्छन्। यस संसारमा हामीहरूको दैनिक जीवन चलाउन खर्चको आवश्यकता हुन्छ र त्यसको लागि हामी परिश्रम गर्छौं तर दशांशभेटीहरू दिंदा हामीहरूको नजर अनन्त सत्यतिर पनि लगाइरहेका हुन्छौं।

**यस संसारमा उत्तरदायी सञ्चितक वा सम्पत्तिलाई हिफाजत गर्ने बानीलाई सम्हाली राख्ने क्रममा २ कोरन्थी ४:१८ले सिकाएको सत्यलाई हामीले किन बिर्सनुहुन्न? हेर्नुहोस "हामी दृश्य कुरालाई होइन, तर अदृश्य कुरालाई हेर्छौं, किनभने दृश्य कुरा क्षणिक हुन्छन्, तर अदृश्य कुराचाहिँ अनन्तसम्म रहन्छन्।**

## उपसंहारः

**थप जानकारीः** मानिसको प्रत्येक स्वभाविक दक्षता, खुबी, सीप, प्रतिभा र बरदानहरू परमेश्वरबाट नै आएको हुन्छ। त्यो चाहे बंशबाट जन्मिँदै होस् वा कसैको प्रभावमा वा सिकेर होस्। हामीमा भएका दक्षता र सीपहरूलाई हामीले के गर्ने त्यसमा हामीहरूको जीवनको अर्थ लुकेको हुन्छ। चाहे अध्ययन गरेर होस् वा व्यवहारिक ज्ञानमा होस् आफूमा भएका खुबी र दक्षताहरूलाई दक्ष वा सिपालु बन्न परमेश्वरले आफ्ना सञ्चितकहरूबाट अपेक्षा गर्नुहुन्छ (उपदेशक १०:१० "१० बन्चरो बोधो छ र त्यो उध्याएको छैन भने ज्यादै बल प्रयोग गर्नुपर्छ, तर सीपले सफलता ल्याउँछ")।

सबै खालका कालिगढको काम गर्न परमेश्वरले बेजेलेललाई उहाँको आत्मा, ज्ञान, बुद्धि, समजशक्तिले भरिदिनुभएको थियो (प्रस्थान ३५:३१)। उनी र आहोलियाबले आफूले जानेका कारिगरी वा हस्तकलाहरूलाई अरूलाई सिकाउन खुबी भएको थियो (प्रस्थान ३५:३४)।

हामी संसारको भौतिक जीवनमा नै रहेर परमेश्वरको उत्तम सञ्चितक भएर कुनै किसिमको ऋणबाट अलग हुन सिक्न सक्दछौं। औपचारिक शिक्षा, सेमिनार वा कार्यक्रम, गोष्ठी र निरन्तररूपमा अध्ययनलाई जारी राखेर हामीले जानेका सिप र दक्षतालाई तिखो पार्दै लानुपर्छ। हात बाँधेर केही गर्नुछैन भनेर बस्नुभन्दा जहाँसक्यो त्यहाँ हामीले जानेका कुराहरूलाई प्रयोग गर्नुपर्छ। हामीले पाएका दक्षता, प्रतिभा वा सिपलाई बढाउँदै लगियो भने हामीमा भएका उत्तम कुराहरूलाई परमेश्वरलाई दिन सक्ने हुनेछौं र हामी असल सञ्चितक वा आफूले पाएका उत्तरदायित्वलाई सही रूपमा सम्हाल्न सक्षम् हुन्छौं।

सुनको सिक्काको अर्तीकथामा प्रत्येक काम गर्नेलाई उसको क्षमता अनुसार तिनीहरूको मालिकले आफू परदेश जानुभन्दा पहिले सिक्काहरू दिएको थियो भनेर येशूले भन्नुहुन्छ (मत्ती २५:१५)। दुई जना नोकरले तिनीहरूले पाएको सुनको सिक्कालाई लगानी गरेर दोबर बनाए। तेस्रोले एउटामात्र

सिक्का थोरै भएको भनेर त्यसलाई लगानी नगरि जमिनमा गाडेर राखे। उसप्रति मालिक नाराज भएर उसँगभएको सिक्का पनि खोसेर लिइयो। हामीसँग जेछ त्यसलाई सुधार गर्न हामी जहिले पनि प्रयत्नशील हुनुपर्छ। तर केही थाहा छैन भनेर भनेको कुरा जानेर पनि वेवास्ता गरेर हातबाँधेर बस्नु भनेको आफूले जानेको कुरालाई गाडेर राख्नु हो। आफूले जानेको कुरालाई व्यवहारिक रूपमा तिखार्दै लैजानु, भएको पैसालाई सुव्यवस्थित रूपमा चलाउनु, ऋणमा नडुब्नु र अनुशासित जीवन बिताउनु जस्ता बरदानहरू परमेश्वरकै आशिषले आएका हुन्। कुनै कुरामा असल हुन र सफल हुन हामीले त्यही कुरालाई बारम्बार दोहोऱ्याउनुपर्छ।

"जब बाइबलका पाठ तथा अर्तीहरूलाई दैनिक जीवनमा उपयोग गर्छौं तब त्यसले चरित्रमा गहिरो र पछिसम्म प्रभावित पार्दछ। यी पाठहरू तिमोथीले सिकेका थिए र उनले व्यवहारमा लगाएका थिए। उनमा कुनै बिशेष बिलक्षण प्रतिभाहरू थिएनन् तर उनको काम अत्यन्त मूल्यवान थियो किनभने परमेश्वरले दिनुभएको खुबीहरूलाई आफ्नो स्वामीको निम्ति प्रयोग गरेका थिए।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टलस्, पृ. २०५बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ) **आफूले आफूलाई सम्हाल्ने बानी इसाईको निम्ति जहिले पनि अत्यन्त महत्त्वपूर्ण कुरो हो तर पैसाको मामिलामा सम्हाल्नु पनि अत्यन्त महत्त्वपूर्ण खुबी हो। आफूसँग भएको आम्दानीलाई सम्हाल्न सकिएन भने त्यसले जीवन धान्न मुश्किल गराउँछ र त्यसले जीवनलाई बिगार्छ पनि। यस्तो किसिमको खतरामा पर्नेहरूलाई हामी चर्चका सदस्य भएको हैशियतले के गर्न सक्छौं?**

आ) **जब हामी एक आपससँग भेटघाट, छलफल गर्छौं र दैनिक जीवन चलाउँछौं रोमी १३:६-१०ले भनेको वचनलाई कसरी व्यवहारमा लागु गराउने? हेर्नुहोस् "६ यसैकारणले पनि तिमी कर तिर्दछौ। किनकि प्रशासकहरू यसै कामको निम्ति निरन्तर लागिरहेका परमेश्वरका सेवक हुन्। ७ तिर्नुपर्ने कुरा सबैलाई तिर, कर तिर्नुपर्नेलाई कर, महसूल तिर्नुपर्नेलाई**

महसूल, आदर गर्नुपर्नेलाई आदर, इज्जत गर्नुपर्नेलाई इज्जत गर। ८ आपसमा प्रेम गर्नुबाहेक कसैको केही कुरामा ऋणी नहोओ। किनकि आफ्नो छिमेकीलाई प्रेम गर्नेले व्यवस्था पूरा गरेको हुन्छ। ९ "तैंले व्यभिचार नगर्, तैंले हत्या नगर्, तैंले चोरी नगर्, तैंले लोभ नगर्, " यी आज्ञाहरूबाहेक, र अरू जति आज्ञा छन्, ती सबैको सारांश यसै आज्ञामा पाइन्छ, अर्थात् "तैंले आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्।" १० प्रेमले छिमेकीको खराबी गर्दैन। यसकारण प्रेम गर्नु नै व्यवस्था पूरा गर्नु हो।

इ) कसैले भन्छ येशू छिटै आउँदै हुनुहुन्छ त्यसकारण पैसा कमाउने ऋणमा डुब्ने जस्ता कुराहरुमा चिन्ता गर्नुहुन्न। त्यसखालको मनस्थितिलाई तपाईंले कसरी जवाफ दिनुहुन्छ?

## कथा ११
## येशूको लागि सिउनु
## जमैका, मेभिस बरेल स्पेन्सर, ६६

लुगा सिउने काममा अत्यन्त नाउँ चलेको आफ्नो श्रीमानको केही दशक अघि मृत्युभएपछि अब के गर्ने भनेर मेभिस बरेल स्पेन्सरलाई थाहा थिएन। उनको श्रीमानले जमैकामा अत्यन्त फस्टाएको लुगा सिउने तीनवटा पसलहरू खोलेका थिए र टापु देश जमैकाको राजधानी किङ्स्टनको मूल बजारमा पनि लुगा सिउने पसल खोलेका थिए। त्यहाँ २५ जना कामदारहरू थिए। मेभिसलाई के गरूँ के गरूँ भएको थियो। उनले ती पसलहरू आफैले सम्हाल्ने निर्णय गरिन्। त्यसको दश वर्षपछि पनि उनलाई के  गरूँ के गरूँ भयो। उनले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिने निचोडमा पुग्दा अब शनिबार के गर्ने भनेर अलमलमा परिन् किनभने शनिबार अत्यन्त व्यस्त दिन हुन्थ्यो। त्यसबेला व्यापारमा धेरै कमाइन्थ्यो। के गर्ने भनेर उनले भित्री हृदयदेखि प्रार्थना गर्न थालिन्। मेभिज आइतवार चर्च जान्थिन्। तर एक दिन उनले एडभेन्टिस्ट साथीबाट सातौं दिनमा मनाउनु पर्ने साबथको बारेमा सुनिन्। चौथौं आज्ञामा लेखिएको साबथलाई सम्झनुपर्छ भनेर लेखिएको आज्ञा सबै इसाईहरूलाई हो भनेर उनलाई थाहा थिएन। जब एडभेन्टिस्ट पारिवारिक साथीहरूले उनलाई हप्ता हप्तामा हुने बाइबल अध्ययनको निम्ति निम्त्याए तब उनको जीवनमा परिवर्तन हुन थाल्यो। एक जना एडभेन्टिस्ट व्यापारी साथीले मेभिजको घरमा आएर उनको श्रीमानको मृत्यु हुनुभन्दा अघि नियमित रूपमा प्रार्थना गर्न आउँथे र मेभिजलाई बाइबल अध्ययन गर्न आउन अनुरोध गर्दथे। तर आफू व्यस्त भएको भनेर बाइबल अध्ययनमा जान अस्वीकार गर्दथी। पछि बाइबल अध्ययन गर्ने सानो झुण्डमा समावेश हुन उनलाई ती साथीले अनुरोध गरे। आफूलाई बाइबलको बारेमा ज्ञान कतिको कमी रहेछ भनेर उनले पत्ता लगाइन्। "बाइबलमा भएका कतिकुराहरू मेरो अगाडि खोलियो। ती सबै कुराहरू बाइबलमा छ भनेर मलाई थाहा थिएन" मेभिजले बाइबल अध्ययन गर्ने एउटा समयमा भनिन्। साबथको बारेमा उनलाई नयाँ ज्ञान भएको साथै येशू छिट्टै आउनुहुन्छ र धर्मीहरू स्वर्गको घरमा लगिनेछ भन्ने कुरा पनि उनलाई थाहा थिएन। बाइबलमा वर्णन गरिएको नयाँ पृथ्वीको बारेमा उनले सुन्दा उनलाई अचम्म लागेको थियो। "जति कुरा मलाई

सुनाइयो झन झन मलाई सुन्न मन लागेको थियो," मेभिजले भनिन्। तर शनिबार उनले लुगा सिउने काम बन्द गरिनन्। तर एक दिन जब उनी बाइबल अध्ययन पछि आफ्नो घरमा फर्किंदै थिइन् तब एउटा आवाजले उनलाई घचघच्याएको महसुस गरिन् "तिमी दगुर्न सक्छौ तर लुक्न सक्दैनौ।" अनि साबथको बारेमा के गर्ने भनेर उनले मनैदेखि प्रार्थना गर्न थालिन्। "मैले के सिकिरहेको थिएँ सो मैले पूरै ग्रहण गरिरहेको थिइनँ। परमेश्वरबाट म भागिरहेको तर उहाँको सामु जेभएपनि म लुक्न सक्दिँन भनेर प्रभुले भनिरहनुभएको मैले विश्वास गरें।" मेभिजले नलुकाइकन आफ्नो कुरा भनिन्। डिसेम्बर २०१६मा उनले निर्णय गरिन्। त्यसबेला उनले तिनैवटा पसलहरूको ढोकामा यो सूचना टाँसिदिइन् "जनवरी ७तारिखदेखि स्पेन्सर कपडा सिउने पसल शनिबारको दिन बन्द गरिनेछ। तर त्यसको सट्टामा आइतबार खोलिनेछ।" जनवरी ७मा उनले बप्तिस्मा लिइन्। उनका धेरै ग्राहकहरू उनीदेखि रिसाइन्। एक जनाले त उनिसँग पड्किएर भने, "किन यस्तो गरेको?" अर्कोले भन्यो, "शनिबार झन धेरै व्यापार हुन्छ त्यसकारण किन त्यो दिन पसल बन्द गरेको?" मेभिजले नम्र भएर जवाफ दिइन्, "स्वर्गमा हुने मेरो पिताले पहाडहरूमा भएको हजार गाईबस्तुहरू उहाँको हो भनेर उहाँले भन्नुहुन्छ र तिनीहरूमा दशमात्र मलाई दिनु उहाँको निम्ति केही पनि होइन।" शनिबार उनको पसल बन्द भएपनि उनको पसल झन राम्रोसँग चल्न थाल्यो। आइबार पसल खोलेकोमा कतिपय ग्राहकहरूले उनलाई सराहना गरे। मूल बजारमा रहेको उनको पसल शनिबारमा मोटर पार्क गर्ने ठाउँकालागि सजिलो भएको थियो आइबारचाहीँ सुनसान हुन्थ्यो। "मेरो बिक्री झन बढ्यो। धेरै मानिसहरू जो शनिबार आउँथे तिनीहरूलाई आइतबार आउन सजिलो भएको भेट्टाए। मोटर पार्क गर्न तँछाडमछाड नभएको तिनीहरूले मन पराए।" खुशी व्यक्त गर्दै मेभिजले भनिन्। पैसा भन्दा बेसि त चर्चमा नयाँ परिवार भेट्टाएकोमा उनी खुशी भएकी थिइन्। जब चर्चमा प्रथम पल्ट जाँदा एक परिवारले उनलाई न्यानो सत्कार गरेको उनले कहिल्यै पनि बिर्सिने छैनन्। "मेरो लागि ढोका खोलिएको जस्तो लाग्यो। मानिसहरू त्यस्तो दयालु र मिलनसार थिए भनेर मलाई थाहा थिएन। मेरो जीवनमा त्यो भन्दा आनन्दको कुरो केही छैन।" उनले भनिन्।

आजभोलि मेभिज जो ६६ वर्षकी छिन् आफ्नो पसल खोल्नुभन्दा पहिले आफ्ना कामदारहरूसँग प्रत्येक विहान प्रार्थना गर्छिन्। कामदारहरूको

बीचमा प्रेम सदभाव होस्, तिनीहरूलाई परमेश्वरले शक्ति दिउन् र ग्राहकहरूलाई आशिष दिउन् भनेर उनले प्रार्थना गर्छिन्। उनका कामदारहरू एक आपसमा कचकच र प्रतिस्पर्धा गर्थे अब शान्तसँग एकभएर काम गर्छन् भनेर उनले भनिन्। आफ्ना कामदारहरूलाई पनि उनले बाइबल अध्ययन गर्न निम्तो दिइन्। तिनीहरूमा एक जना बप्तिस्माको निम्ति तयार भइरहेको छ। शनिबार काम गर्ने र व्यापार गर्नेहरूलाई उनले के सल्लाह दिनुहुन्छ भनेर उनीसँग सोध्दा उनले यो जवाफ दिइन् "तपाईंले केही पनि गुमाउनुहुनेछैन। तर परमेश्वरलाई तपाईंले समर्पण गर्नुभयो भने बरू तपाईंलाई फाइदा नै हुन्छ।" उनको मनपर्ने पद फिलिप्पी ४:१३ हो जसमा लेखिएको छ, "मलाई बल दिनुहुने ख्रीष्टद्वारा म सबै थोक गर्न सक्छु" (रूपान्तरित)। "तपाईंको आँखा येशूतिर लगाइराख्नुहोस् किनभने उहाँ जीवनको स्रोत हुनुहुन्छ। उहाँबिना तपाईंले केही पनि गर्न सक्नुहुन्न। उहाँसँग तपाईंले जे पनि गर्न सक्नुहुन्छ।" निर्धक्क भएर उनले भनिन्।

(लेखकः आन्ड्र्यु मेकचेस्नी)।

**<u>जमैकाको बारेमा जानकारीः</u> सन् १९८८को जाडोको ओलम्पिक खेलमा ती भेगका देशहरूमा जमैका पहिलो राष्ट्र थियो जसले हिँउमा ठेला तान्ने प्रतिस्पर्धामा भाग लिएको थियो। २०० जातभन्दा बेसी अत्यन्त राम्रो सुनाखरी वा अर्किद पाइने ठाउँ जमैका हो र तिनीहरूमध्ये ७३ जातको चाहीं त्यहीँमात्र पाइन्छ। संसारको सबभन्दा ठूलो प्राकृतिक समुद्र बन्दरगाहमा जमैकाको राजधानी किङ्गस्टनको सातौं बन्दरगाह हो। संसारमा सबभन्दा छिटो दगुर्ने मानिस उसन बोल्टको घर जमैका हो।**